स्वर्गद्वारी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
भिंग्री प्यूठान , लुम्बिनी **प्रदेश, नेपाल**

# सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

**(मिति २०८० /० ४/०१ देखि मिति २०८०/०९/२९ सम्मको विवरण )**

## १. निकायको स्वरुप र प्रकृति :

स्वर्गद्वारी नगरपालिका नेपालको प्रदेश नंबर ५ अन्तर्गत प्युठान जिल्लामा पर्दछ। भौगोलिक हिसाबले ८२°४५' देखि ८२° ५७'३०" पूर्वी देशान्तर र २७°५३'३०"देखि २८°०३' उत्तरी अक्षांशमा अवस्थित रहेको छ । करीब २२४.७० व.कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाकोउत्तरमा रोल्पा जिल्ला, पश्चिमतिर दाङ र रोल्पा जिल्ला र दक्षिणमा दाङ जिल्ला र माण्डवी गाउपालिका रहेको छ। साविकका गाविसहरु कोचीवाङ, स्वर्गद्धारी, भिंग्री, सारी, वेलवास, वर्जीवाङ र गोठीवाङ गाविसहरुलाई समेटेर मिती २०७३ फाल्गुन २२ गते स्वर्गद्वारी नगरपालिका घोषणा गरीएको थियो । उष्ण, समशितोष्ण र शितोष्ण हावापानी भएको यस स्वर्गद्धारीको अधिकतम तापक्रम ३३.५ डिग्री सेल्सियस, न्युनतम तापक्रम ११.८ डिग्री सेल्सियस रहेको पाईन्छ । सामुदायिक र संस्थागत गरी ९ वटा मावि, ७ वटा निमावि र ४१ वटा प्रावि गरी जम्मा ५७ वटा शिक्षण संस्थाहरु संचालित छन्। प्युठान जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा धेरै सम्भावना बोकेको नगरपालिकाको रुपमा स्वर्गद्वारी नगरपालिका त छँदैछ यसका अतिरीक्त सचेत राजनैतिक दल र उत्प्रेरीत नगरवासी समेत यो नगरपालिकाकोदरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन्। यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ ।

**२. निकायको काम, कर्तव्य र अधिकार : यस नगरपालिका नेपालको संविधानको अनुसूची–८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची– ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्बिनी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरू, समय समयमा जारी हुने परिपत्रहरू एवं नगरपालिकाको स्थानीय कानूनहरू, ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरू समेतले तोके बमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ।**

**३) निकायमा रहने कर्मचारी विवरण : यस नगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरूको संख्या, कर्मचारीको सेवा, समूह, तह समेतको विस्तृत विवरण र नगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भए बमोजिम काम कारवाही भइरहेको छ। उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरूको विवरण स्वर्गद्वारी नगरपालिकाको** वेब साइट www.swargadwarimun.gov.np **मा समेत राखिएको छ।**

**४) निकायबाट प्रदान गरिने सेवा : नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्बिनी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरू एवं नगरपालिकाको स्थानीय कानूनहरू (ऐन, नियमावली, कार्यविधि,**

निर्देशिका, मापदण्ड समेत), निर्णयहरू तथा स्वर्गद्वारी नगरपालिकाको अविछिन्न अभ्यासहरूको अधीनमा रही स्थानीय सरकारका रूपमा सेवा, सुविधाहरू प्रदान गरिरहेको छ ।

**५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :.** यस नगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न सचिवालयहरू, समितिहरू, विभागहरू, शाखाहरू, उपशाखाहरू, ९ वटा वडा कार्यालयहरू, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरू रहेका छन् । नगरपालिकाको प्रमुख, उप-प्रमुख प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, विभागीय प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण स्वर्गद्वारी नगरपालिकाको वेब साइट www.swargadwarimun.gov.np मा उल्लेख गरिएको छ ।

**६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**

यस नगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधि विवरण स्वर्गद्वारी नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय कानून, नागरिक बडापत्र समेतबाट निर्धारण गरिन्छ । यस सम्बन्धी व्यवस्था स्वर्गद्वारी नगरपालिकाको वेब साइट www.swargadwarimun.gov.np मा समेत उल्लेख गरिएको छ ।

**७) निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

यस नगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय, प्रदेश कानून र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरू तथा समय समयमा हुने निर्णयहरूको अधीनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरूको कार्यविवरण स्पष्ट तोकिएको छ । नगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारबाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, योजना तथा प्राविधिक शाखा, सम्पदा उपशाखा, र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

**८) निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

यस् नगरपालिकाको काम कारबाही सम्बन्धमा सेवाग्राहीहरूको गुनासो तथा उजुरी सुन्नका लागि नगरपालिकाको केन्द्रीय स्तरमा निम्न बमोजिम गुनासो सुन्ने अधिकारी व्यवस्था गरिएको छ ।

पद : प्रमख प्रशासकीय अधिकृत

नाम : मोहन पौडेल

सम्पर्क नं : ९८५७८३६१०१

**९) सम्पादन गरेको कामको विवरण :**

**यस नगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानूनले तोके बमोजिम स्थानीय सरकारका रूपमा नगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारबाहीहरू गर्दै आइरहेको छ ।**

**१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद**

: कार्यालय प्रमुखको नाम : मोहन पौडेल

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : swargadwarimunicipality01@gmail.com

सम्पर्क नम्बर : ९८५७८३६१०१

सूचना अधिकारीको नाम : सौन्दर्य मणि सुबेदी

पद : सूचना प्रबिधि अधिकृत

सम्पर्क नम्बर : ९८४९९०८८५७

इमेल ठेगाना : subedi.saundarya@gmail.com

**११) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची :**

**स्वर्गद्वारी नगरपालिकासंग सम्बद्व संघीय र प्रदेश कानून बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधि र निर्देशिकाहरुको परिकल्पना गरिरहेको छ । उक्त स्थानीय कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानूनी प्रबन्धहरुको विस्तृत सूची स्वर्गद्वारी नगरपालिकाको वेब साइट www.swargadwarimun.gov.np मा समेत राखिएको छ ।**

**१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**

**यस नगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरु स्वर्गद्वारी नगरपालिकाको वेब साइट www.swargadwarimun.gov.np मा राख्ने गरिएको छ । वि.सं २०८०।०४।०१ देखि २०८०।०९।२९ सम्मको क्षेत्रगत बजेत तथा खर्च विवरण यस प्रकार रहेको छ ।**

# स्वर्गद्वारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, प्युठान
कार्यालयको कोड : ८०५५५४०२३००

### आय व्ययको बिवरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८०/०९/२९

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ४३,०४,००,०००.०० | २५,९१,१२,९२०.०० | ६०.२ | १७,१२,८७,०८०.०० |
| १३३११ समानिकरण अनुदान | १०,२३,००,०००.०० | ५,११,५०,०००.०० | ५० | ५,११,५०,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २५,४१,००,०००.०० | १६,९९,८२,९२०.०० | ६६.९ | ८,४१,१७,०८०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २,४५,००,०००.०० | १,३७,२५,०००.०० | ५६.०२ | १,०७,७५,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | २,७०,००,०००.०० | ९१,८०,०००.०० | ३४ | १,७८,२०,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,२५,००,०००.०० | १,५०,७५,०००.०० | ६७ | ७४,२५,०००.०० |
| प्रदेश सरकार | ३,२४,००,०००.०० | १,०१,१२,०००.०० | ३१.२१ | २,२२,८८,०००.०० |
| १३३११ समानिकरण अनुदान | ७२,५०,०००.०० | १८,१२,५००.०० | २५ | ५४,३७,५००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ११,५०,०००.०० | ३,७९,५००.०० | ३३ | ७,७०,५००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ९०,००,०००.०० | २९,७०,०००.०० | ३३ | ६०,३०,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,५०,००,०००.०० | ४९,५०,०००.०० | ३३ | १,००,५०,०००.०० |
| राजस्व बाडफाड | १२,२६,३४,५१४.०० | ३,८३,२७,५०८.०५ | ३१.२५ | ८,४३,०७,००५.९५ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ११,३४,२०,०००.०० | ३,४३,२७,५०८.०५ | ३०.२७ | ७,९०,९२,४९१.९५ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ९२,१४,५१४.०० | ४०,००,०००.०० | ४३.४१ | ५२,१४,५१४.०० |
| अन्तरिक श्रोत | ५,९७,५४,६५०.३८ | ५,११,२०,३६०.९९ | ८५.५५ | ८६,३४,२८९.३९ |
| ११३१३ एकीकृत सम्पती कर | ४५,००,०००.०० | ३८,३३,१९८.९४ | ८५.१८ | ६,६६,८०१.०६ |
| ११३१४ भुमिकर/ मालपोत | ३५,००,०००.०० | ०.०० | ० | ३५,००,०००.०० |
| ११३२१ वहाल कर | १०,१०,०००.०० | ४,४६,६६१.८४ | ४४.२२ | ५,६३,३३८.१६ |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ४५,५७,४९,९६४.३८ | १६,८३,१४,९६८.१४ | ३६.९३ | २८,७४,३४,९९६.२४ |
| २११११ पारिश्रमिक कर्मचारी | २४,८५,४१,९१०.०० | ११,८३,३०,८९७.८० | ४७.६१ | १३,०२,११,०१२.२० |
| २१११२ पारिश्रमिक पदाधिकारी | १,२०,००,०००.०० | ४६,५१,०००.०० | ३८.७६ | ७३,४९,०००.०० |
| २११२१ पोशाक | ४,९०,०००.०० | ०.०० | ० | ४,९०,०००.०० |
| २११३१ स्थानीय भत्ता | १९,२८,०००.०० | ५,७५,१६०.०० | २९.८३ | १३,५२,८४०.०० |
| २११३२ महंगी भत्ता | ८,००,०००.०० | ३,१२,०००.०० | ३९ | ४,८८,०००.०० |
| २११३३ फिल्ड भत्ता | ८,००,०००.०० | ३,१९,५००.०० | ३९.९४ | ४,८०,५००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५०,०००.०० | ४९,५००.०० | ९९ | ५००.०० |
| २११३९ अन्य भत्ता | १९,३२,४००.०० | ६१,९००.०० | ३.२ | १८,७०,५००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | २६,६०,०००.०० | ५,०४,७८०.०० | १८.९८ | २१,५५,२२०.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ११,१२,०००.०० | २,६६,०००.०० | २३.९२ | ८,४६,०००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२१११ पानी तथा बिजुली | २,५०,०००.०० | ९१,७१५.८५ | ३६.६९ | १,५८,२८४.१५ |
| २२११२ संचार महसुल | ७,२०,०००.०० | ७१,०००.०० | ९.८६ | ६,४९,०००.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २८,००,०००.०० | ९,२७,७८८.३९ | ३३.१४ | १८,७२,२११.६१ |
| २२२१३ सवारी साधन मर्मत खर्च | १२,००,०००.०० | ३,४२,७३१.८२ | २८.५६ | ८,५७,२६८.१८ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ३,५०,०००.०० | ०.०० | ० | ३,५०,०००.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४,००,०००.०० | ३,६२,०४८.५५ | ९०.५१ | ३७,९५१.४५ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ७४,२८,०००.०० | ६,४७,४९१.०० | ८.७२ | ६७,८०,५०९.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२,००,०००.०० | १०,३०,२०५.०० | ४६.८३ | ११,६९,७९५.०० |

# स्वर्गद्वारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, प्युठान
कार्यालयको कोड : ८०५५५४०२३००

### आय व्ययको बिबरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८०/०९/२९

**आय**

| | | | | |
|---|---|---|---|---|
| ११३२२ वहाल विटौरी कर | ११,८०,०००.०० | ३,६३,२३०.०० | ३०.७८ | ८,१६,७७०.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| ११६९१ अन्य कर | ११,००,०००.०० | ५,३८०.०० | ०.४९ | १०,९४,६२०.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ४५,००,०००.०० | ०.०० | ० | ४५,००,०००.०० |
| १४२२१ न्यायिक दस्तुर | १०,०००.०० | ८,६००.०० | ८६ | १,४००.०० |
| १४२२४ परीक्षा शुल्क | १,००,०००.०० | ४६,०००.०० | ४६ | ५४,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २,००,०००.०० | १८,०००.०० | ९ | १,८२,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | ५,००,०००.०० | ७२,७३३.३३ | १४.५५ | ४,२७,२६६.६७ |
| १४२४३ सिफारिश दस्तुर | २५,००,०००.०० | १७,८८,६५०.०० | ७१.५५ | ७,११,३५०.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ५,००,०००.०० | ३,८०,२००.०० | ७६.०४ | १,१९,८००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १,००,०००.०० | ९६,०००.०० | ९६ | ४,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | २,००,०००.०० | १,०४,३१६.८८ | ५२.१६ | ९५,६८३.१२ |
| १४६११ व्यवसाय कर | २०,००,०००.०० | २०,५७,३९०.०० | १०२.८७ | (५७,३९०.००) |
| ३२१२२ बैंक मौज्दात | ३,७७,५४,६५०.३८ | ४,१९,००,०००.०० | ११०.९८ | (४१,४५,३४९.६२) |
| जम्मा | ६४,५१,८९,१६४.३८ | ३५,८६,७२,७८९.०४ | ५५.५९ | २८,६५,१६,३७५.३४ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ६,१०,०००.०० | २,८७,४७०.०० | ४७.१३ | ३,२२,५३०.०० |
| २२४११ सेवा र परामर्श खर्च | १७,००,०००.०० | ०.०० | ० | १७,००,०००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| २२४१३ करार सेवा शुल्क | १,२५,००,०००.०० | ६०,५९,४४०.०० | ४८.४८ | ६४,४०,५६०.०० |
| २२४१९ अन्य सेवा शुल्क | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ११,८४,३५०.०० | १,८४,३५०.०० | १५.५७ | १०,००,०००.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १३,३०,०००.०० | ०.०० | ० | १३,३०,०००.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | १,९४,०००.०० | ०.०० | ० | १,९४,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | ८,३५,०३,८५४.०० | १,५२,२५,५५०.६० | १८.२३ | ६,८२,७८,३०३.४० |
| २२५२९ विविध कार्यक्रम खर्च | ४२,५१,०००.०० | २१,२१,१०१.२५ | ४९.९ | २१,२९,८९८.७५ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १४,४५,०००.०० | २,२७,११७.०० | १५.७२ | १२,१७,८८३.०० |
| २२६१२ भ्रमण खर्च | १७,५०,०००.०० | १०,७८,२४१.२६ | ६१.६१ | ६,७१,७५८.७४ |
| २२७११ विविध खर्च | १,३७,१४,०००.०० | १,१०,०८,०२७.४५ | ८०.२७ | २७,०५,९७२.५५ |
| २२७२१ सभा सञ्चालन खर्च | ६,००,०००.०० | २,५९,५७६.०० | ४३.२६ | ३,४०,४२४.०० |
| २३१११ स्थिर सम्पत्तिमा ह्रास कट्टी | २३,९२,०००.०० | ६,५८,३१२.०० | २७.५२ | १७,३३,६८८.०० |
| २५२२२ वित्तीय व्यवसायहरूलाई पूँजीगत सहायता | २०,०००.०० | ०.०० | ० | २०,०००.०० |
| २५३१५ अन्य संस्था सहायता | १०,००,०००.०० | १,५३,०००.०० | १५.३ | ८,४७,०००.०० |
| २७१११ सामाजिक सुरक्षा | २०,००,०००.०० | ८,९२,०७१.२५ | ४४.६ | ११,०७,९२८.७५ |
| २७११२ अन्य सामाजिक सुरक्षा | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ४५,००,०००.०० | ०.०० | ० | ४५,००,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | २३,८७,०००.०० | ६,६३,४५१.०० | २७.७९ | १७,२३,५४९.०० |
| २८१४२ घरभाडा | ५,००,०००.०० | १,१०,५५६.०० | २२.११ | ३,८९,४४४.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १२,००,०००.०० | २,३९,४००.०० | १९.९५ | ९,६०,६००.०० |

# स्वर्गद्वारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, प्युठान
कार्यालयको कोड : ८०५५५४०२३००

### आय व्ययको विबरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८०/०९/२९

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | २८२१९ अन्य फिर्ता | ७,६०,७१०.०० | ६,०३,५८६.०० | ७९.३४ | १,५७,१२४.०० |
| | २८९११ भैपरी आउने चालु खर्च | ३,०९,९५,७४०.३८ | ०.०० | ० | ३,०९,९५,७४०.३८ |
| | पूंजीगत | १८,९४,३९,२००.०० | ३,१३,१६,९०९.८४ | १६.५३ | १५,८१,२२,२९०.१६ |
| | ३१११११ आवासीय भवन निर्माण/ खरिद | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| | ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १,९२,३१,२००.०० | २३,८५,२३६.०० | १२.४ | १,६८,४५,९६४.०० |
| | ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ४१,७०,०००.०० | ३,९७,९९९.८४ | ९.५३ | ३७,७२,०००.१६ |
| | ३११२१ सवारी साधन | ५३,९०,०००.०० | ५३,८५,०००.०० | ९९.९१ | ५,०००.०० |
| | ३११२२ मेशिनरी तथा औजार | १९,००,०००.०० | २,७५,३७०.०० | १४.४९ | १६,२४,६३०.०० |
| | ३११२३ फर्निचर तथा फिक्चर्स | १८,००,०००.०० | ३,८७,९०२.०० | २१.५५ | १४,१२,०९८.०० |
| | ३११५१ सडक तथा पूल निर्माण | ८,३४,६०,०००.०० | १,३६,६७,५६८.०० | १६.३८ | ६,९७,९२,४३२.०० |
| | ३११५३ विद्युत संरचना निर्माण | २५,००,०००.०० | २५,००,०००.०० | १०० | ०.०० |
| | ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| | ३११५५ सिंचाई संरचना निर्माण | १,८८,६०,०००.०० | ६,६०,८१७.०० | ३.५ | १,८१,९९,१८३.०० |
| | ३११५६ खानेपानी संरचना निर्माण | २,५३,१५,०००.०० | २,४८,६७४.०० | ०.९८ | २,५०,६६,३२६.०० |
| | ३११५७ वन तथा वातावरण संरक्षण | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| | ३११५८ सरसफाई संरचना निर्माण | १,००,०००.०० | ५७,०००.०० | ५७ | ४३,०००.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | २,२३,८३,०००.०० | ५०,४८,४५०.०० | २२.५५ | १,७३,३४,५५०.०० |
| | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| | ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ९,३०,०००.०० | २,४२,८९३.०० | २६.१२ | ६,८७,१०७.०० |
| | ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | २०,००,०००.०० | ६०,०००.०० | ३ | १९,४०,०००.०० |
| | ३१२२१ मौज्दात सामानहरु | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| | जम्मा | ६४,५१,८९,१६४.३८ | १९,९६,३१,८७७.९८ | ३०.९४ | ४४,५५,५७,२८६.४० |

१३) **तोकिए बमोजिमको अन्य विवरण :**
नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत स्वर्गद्वारी नगरपालिकाको वेब साइट www.swargadwarimun.gov.np राखिएको छ।

१४) **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :** यस नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका नगरपालिकाको क्षेत्राधिकारसंग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

१५) **सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :**
स्वर्गद्वारी नगरपालिकासंग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरू जानकारीका लागि वेब साइट www.swargadwarimun.gov.np संचालनमा रहेको छ।

१६) **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** नेपाल सरकार, लुम्बिनी प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता नभएको साथै गैर सरकारी संथाबाट संचालन हुने कार्यक्रमहरु स्वर्गद्वारी नगरपालिकाको आ.व २०८०/८१ को बजेट तथा कार्यक्रम अनुसार रहेको साथै उक्त कार्यक्रमहरु नगरपालिकाको वेब साइट www.swargadwarimun.gov.np रहेको छ।

१७) **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :** नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरू आ.व.२०८०/०८१ को बजेट, नीति तथा कार्यक्रम अन्तर्गत रहेको छ।

१८) **सार्वजनिक निकायको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :** यस नगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङक एवं आवश्यक दस्तावेजहरूको वर्गीकरण नगरेको र त्यस्ता सूचनाहरू नगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ।

**१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

: नेपाली नागरिक, सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरूले नगरपालिकासंग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०८०।०४।०१ देखि मिति २०८०।०९।२६ गते सम्ममा मिति २०८०/०९/२६ गते इमेलबाट सूचना माग भएको र मिति २०८०/०९/२९ गते माग भए बमोजिमको सूचना उपलब्ध गराइएको ।

**(२०) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण**

: महत्वपूर्ण सूचनाहरू राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण स्वर्गद्वारी नगरपालिकाको वेब साइट www.swargadwarimun.gov.np मा राख्ने गरिएको छ । रेडियो स्वर्ग भुमि एफ.एम., र फेसबुक पेज Sawargadwari Municipality मार्फत समेत नगरपालिका सम्बन्धी सूचना, तथ्यांक र गतिविधिहरू सार्वजनिक भइरहेका छन् ।